प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**प्राविधिक प्रशिक्षण प्रतिष्ठान (TITI)**

सानोठिमी, भक्तपुर ।

# सीप परीक्षण मूल्यांकनकर्ता (Skill Test Assessor) तालिम सञ्चालन सम्बन्धी सूचना

सूचना प्रकाशित मिति २०७७/१०/१७

व्यावसायिक शिक्षा तथा तालिम अभिबृद्धि परियोजना दोस्रो (EVENT-II) को सहयोगमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, प्राबिधिक प्रशिक्षण प्रतिष्ठान द्वारा सञ्चालन हुने सीप परीक्षण मूल्यांकनकर्ता (Skill Test Assessor) तालिममा सहभागी हुन ईच्छुक प्राबिधिक तथा व्यावसायिक बिषयका तपसीलमा उल्लेख भए बमोजिम योग्यता तथा अनुभव भएका नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र वा मिति २०७७/११/७ गते अपरान्ह ५ बजे सम्म प्रतिष्ठानको वेभसाइट www.titi.org.np मा आवश्यक कागजपत्रहरु संलग्न गरी अनलाइन फाराम भर्न सूचित गरिन्छ ।

## सहभागी छनौटको लागि शर्त तथा मापदण्डहरु

१.**बिषयहरु** – कृषि, पशु स्वास्थ्य, अटोमोबाइल/मेकानिकल, कम्प्युटर, निर्माण, इलेक्ट्रिकल, हस्पिटालिटी, टेलरिङ, टेक्सटाइल, एजुकेसन (इसिडि), हेयर एण्ड व्युटी, लाइब्रेरी

२.**तालिमको लागि आवश्यक न्यूनतम योग्यता** – एस.एल.सी/एस.ई.ई.उर्त्तीण एवं सम्बन्धित पेशा/व्यावसायमा तह २ को सीप परीक्षण प्रमाण पत्र प्राप्त गरेको वा प्राबिधिक एस.एल.सी योग्यता हासिल गरेको र सम्बन्धित पेशा/व्यावसायमा कम्तीमा ३ बर्ष कार्य अनुभव प्राप्त गरेकोले मात्र आवेदन दिन सक्नेछन् ।

३.**छनौटका आधारहरु** – शैक्षिक योग्यता/व्यावसायमा सीप परीक्षण, सम्बन्धित कार्य अनुभव, लिङ्ग, लक्षित बर्ग, स्थानीयता, **TITI** को प्रशिक्षक प्रशिक्षण सम्बन्धि तालिम (ToT/O-ToT, IS)।

४.**अन लाइन फारामको साथ पेश गर्नुपर्ने कागजपत्रहरु** –नेपाली नागरिकता प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्रहरु वा सीप परीक्षणको प्रमाणपत्रहरु, मान्यता प्राप्त संस्थामा सम्बन्धित क्षेत्रको कार्य अनुभवको पत्र, लक्षित बर्ग जनाउने सिफारिश पत्र

५.तालिमको अवधि ५ दिन र समय बिहान ९:३० बजे देखि बेलुकी ४ :४५ बजे सम्म हुनेछ । तालिम अवधि भर पुरा समय सहभागी हुनुपर्नेछ तथा तालिम समाप्त भएपछि प्रमाण पत्र दिइनेछ ।

६.तालिमको लागि छनौट भएका सहभागीलाई टेलिफोन मार्फत जानकारी गराईनेछ ।

७.शर्त सहित र अपूर्ण आवेदन स्वीकार्य हुने छैन ।

८.तालिम सम्पन्न भएपछि तालिम अवधिको निर्वाह भत्ता प्रति दिन रु.१२०० का दरले दिईनेछ ।

९.तालिमको लागि सहभागीहरुको छनौट, व्यवस्थापन र यस सम्बन्धी अन्य कार्यहरुका लागि प्राबिधिक प्रशिक्षण प्रतिष्ठानले गरेको निर्णय अन्तिम हुनेछ ।

## १०.तालिम सञ्चालन हुने स्थान, मिति, बिषय र कोटा संख्या

| क्र. सं. | बिषयहरु | प्राबिधिक प्रशिक्षण प्रतिष्ठान २०७७/११/१७ | ईटहरी २०७७/११/२४ | जनकपुर २०७७/१२/२ | हेटौडा २०७७/१२/९ | पोखरा २०७७/१२/९ | बुटवल २०७७/१२/१६ | सुर्खेत २०७७/१२/२ | धनगढी २०७७/११/२४ |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | कृषि | १ | १ | १ | १ | १ | १ | १ | १ |
| २ | पशु स्वास्थ्य | २ | २ | २ | २ | २ | २ | २ | २ |
| ३ | अटोमोबाइल/मेकानिकल | २ | २ | २ | २ | २ | २ | २ | २ |
| ४ | कम्प्युटर | २ | २ | २ | २ | २ | २ | २ | २ |
| ५ | निर्माण | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ |
| ६ | इलेक्ट्रिकल | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ |
| ७ | हस्पिटालिटी | २ | २ | २ | २ | ४ | २ | २ | २ |
| ८ | टेलरिङ | २ | २ | २ | ४ | २ | ३ | २ | ३ |
| ९ | टेक्सटाइल | ० | १ | ० | ० | ० | १ | ० | ० |
| १० | एजुकेसन (इसिडि) | ३ | १ | १ | १ | १ | १ | १ | १ |
| ११ | हेयर एण्ड ब्युटी | ० | १ | १ | ० | ० | ० | १ | १ |
| १२ | लाइब्रेरी | ० | ० | १ | ० | ० | ० | १ | ० |

११.तोकिएको स्थानमा निर्धारित संख्यामा सहभागी छनौट नभएमा सोही स्थानमा आवेदन दिने अन्य बिषयहरुका सहभागी लिई तालिम सञ्चालन गरिनेछ ।

Thank you!